नागरिक लगानी कोषको त्रैमासिक प्रकाशन

द.नं.जि.का. ४८/२०६६/०६७

# लगानी कोष समाचार

नेपालको समृद्धिको सहयात्री

CIT Newsletter

वर्ष : १८ | अङ्क : ३२ | २०८२ चैत्र

# सरकारले ल्याउने दीर्घकालीन परियोजनामा कोषको लगानी आवश्यक

**काठमाडौं (ना.ल.कोष)।** अर्थमन्त्री रामेश्वरप्रसाद खनालले सरकारले ल्याउने दीर्घकालीन परियोजनामा कोषले लगानी गर्नुपर्ने बताउनु भएको छ । कोषको ३६ औं वार्षिकोत्सवको उद्घाटन कार्यक्रममा उहाँले सो कुरा बताउनु भएको हो ।




अर्थमन्त्री खनालले बुढीगण्डकी जलविद्युत आयोजना अघि बढाउने सरकारले स्वीकृत गरिसकेको हुँदा उक्त परियोजनामा लगानी कोष जस्तै अन्य संस्थाले पनि लगानी गर्नुपर्ने बताउनुभयो । उहाँले दोहोरो कर हटाउन आवश्यक रहेकोमा जोड दिँदै भन्नुभयो, 'कर प्रणालीमा समानता र नीतिगत सहजता आवश्यक रहेको छ । दोहोरो करको विषय आफ्नो कार्यकालमा समाधान नभए पनि अबको सरकारले यसतर्फ काम गर्ने विश्वास उहाँले व्यक्त गर्नुभयो ।

१५- २० वर्षे अवधिको ऋणपत्र जारी गर्ने तयारी अन्तिम चरणमा रहेको बताउँदै उहाँले त्यस्ता ऋणपत्रले पनि अधिक तरलता न्यूनीकरणमा सहयोग गर्ने बताउनुभयो । सार्वजनिक निजी साझेदारीबाट नयाँ परियोजना, कृषि परियोजनाको लागि भूमिको हदबन्दी हटाउने जस्ता कार्य गरेर अघि बढ्न सकिनेमा उहाँले जोड दिनुभयो । २०४७ सालमा अन्तरिम सरकारको समयमा खुलेको कोष अहिलेको जेनजी आन्दोलनपछि ३६ औं वर्षमा प्रवेश गरेको स्मरण गराउँदै उहाँले ७२ औं वर्षसम्मको शुभकामना दिनुभयो । अर्थतन्त्रका सूचकहरू सकारात्मक रहे पनि मध्यपूर्वमा सिर्जित अवस्थाले आपूर्ति संयन्त्र प्रभावित हुन सक्ने चिन्ता उहाँले व्यक्त गर्नुभयो ।




कोष सञ्चालक समितिका अध्यक्ष तुलसीप्रसाद घिमिरेले कोष स्थापना कालदेखि नै निरन्तर नाफामा सञ्चालन भइरहनु, फरक-फरक किसिमका योजनाहरू सञ्चालनमा ल्याउनु, प्रत्येक वर्ष सहभागी संख्या वृद्धि गर्न सफल हुनु नै कोषको सफलताको आधार भएको बताउनुभयो। उहाँले देशको आर्थिक वृद्धिदरमा टेवा पुऱ्याउन, रोजगारी सिर्जना गर्न, कृषि पर्यटन, ऊर्जा र पूर्वाधार निर्माणजस्ता उत्पादनशील क्षेत्रमा लगानी गर्नुपर्ने खाँचो औंल्याउनु भयो ।

स्थापनाकालदेखि नै कोषले नागरिकको दीर्घकालीन बचत प्रवर्धन गर्दै राष्ट्रिय पुँजी निर्माणमा अत्यन्त महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको र समयक्रमसँगै

....बाँकी पृष्ठ २ मा

# सरकारले ल्याउने...

कोषले सहभागीहरूको संख्या विस्तार गर्नुका साथै कोष संकलनको दायरालाई समेत उल्लेखनीय रूपमा वृद्धि गर्न सफल भएको उहाँले बताउनुभयो । यसको मुख्य श्रेय सहभागी बचतकर्ताहरूको माया र विश्वास, नियामक निकायको मार्गदर्शन, कोष व्यवस्थापन तथा कर्मचारीहरूको लगनशीलता र कर्तव्यनिष्ठ, व्यावसायिक प्रतिबद्धतालाई लिएकोमा उहाँले जोड दिनुभयो ।

समयको बदलिँदो प्रविधिगत परिवेशलाई आत्मसात् गर्दै कोषले आफ्ना सेवा तथा कार्यप्रणालीलाई क्रमशः डिजिटल प्रविधिमा आधारित बनाउँदै लगेको, यसको माध्यमबाट सहभागीहरूलाई अझ सहज, सुरक्षित, पारदर्शी तथा प्रभावकारी अनलाइन सेवा उपलब्ध गराउने दिशामा कोष दृढतापूर्वक अग्रसर रहेको उहाँको भनाइ थियो । कोषले संस्थागत सुशासन, व्यावसायिकता र आर्थिक अनुशासनलाई उच्च प्राथमिकतामा राखेको कारण दिगो, सन्तुलित र समावेशी आर्थिक विकास हासिल गर्ने राष्ट्रिय लक्ष्यलाई सार्थक बनाउन कोषले पूर्वाधार निर्माण, उत्पादनशील क्षेत्र र रोजगारी सिर्जनामा लगानी विस्तार गर्दै लाने नीति लिएको धारणा उहाँले राख्नुभयो ।

लगानी व्यवस्थापनमा आधुनिक वित्तीय अवधारणा र नवीन वित्तीय मोडेलहरूको उपयोग गर्दै जोखिम व्यवस्थापन र प्रतिफलबीच सन्तुलन कायम राख्ने नीतिसमेत अवलम्बन गरिएको र यसले देशको दीर्घकालीन आर्थिक विकासमा थप टेवा पुऱ्याउने विश्वास अध्यक्ष घिमिरेले लिनुभयो ।

सो अवसरमा कोषका कार्यकारी निर्देशक पर्वत कुमार कार्कीले कोषले सातवटा योजना सञ्चालन गरिरहेको बताउँदै कोषमा उपलब्ध फन्डलाई पूर्वाधार निर्माणका क्षेत्रमा लगानी गर्न र भेन्चर क्यापिटलमार्फत लगानी विस्तार गर्न आवश्यक कार्य गरिरहेको बताउनुभयो । यसका लागि ऐन, नियम र कानुन संशोधन प्रक्रियामा अघि बढाइएको समेत उहाँले बताउनुभयो । कोषले यान्त्रिकीकरण र अटोमेसनलाई उच्च प्राथमिकतामा राखेर काम गरिरहेको उहाँको भनाइ थियो ।

ब्याजदरमा आएको गिरावटले कोषको आम्दानी प्रभावित भएको उहाँले बताउनुभयो । उपदान कोष भुक्तानीमा करसम्बन्धी अन्योलता रहेकोले त्यसमा समानता ल्याउनु पर्ने बताउँदै उहाँले भन्नुभयो, 'सरकारले दिने सामाजिक भत्ताको कार्य कोषले सञ्चालनमा ल्याएको नागरिक पेन्सन योजनाले दिन सक्छ । तर, त्यसको लागि सरकारले करका दररेटमा समायोजन गर्नुपर्छ ।'

कोषले देशको आर्थिक विकासका लागि छरिएर रहेको पुँजीलाई बचतको रूपमा प्रोत्साहन गरी लगानीका अवसरहरू अभिवृद्धि गरेको, अवकाश तथा सामाजिक सुरक्षाका कार्यक्रमहरूका अतिरिक्त पुँजी बजारमा गतिशीलता ल्याउनेतर्फ काम गरिरहेको कार्यकारी निर्देशक कार्कीले बताउनुभयो । कोषले बचत संकलनका लागि कर्मचारी बचत वृद्धि अवकास कोष, उपदान तथा पेन्सन योजना, लगानीकर्ता हिसाब योजना, राष्ट्रसेवक कर्मचारी जीवन बीमा कोष, नागरिक एकांक योजना, नागरिक पेन्सन योजना र नेपाल कृषि अनुसन्धान परिषद् बीमा कोषलगायतका कार्यक्रम तथा योजनाहरू सञ्चालन गरिरहेको र यी योजनाहरूबाट संकलित रकम एवम् जगेडा कोष समेतबाट कोषले विभिन्न क्षेत्रमा योजनावद्ध ढंगले लगानी गर्दै आइरहेको धारणा पनि सो अवसरमा उहाँले राख्नुभयो ।

स्थापनाकालमा १ करोड ४० लाख चुक्ता पुँजीबाट सुरु भएको यस कोषको चुक्ता पुँजी ६ अर्ब ८० करोड ५७ लाख रुपैयाँ पुगेको छ । कोषले निक्षेपको अधिकेन्द्रिततालाई कम गर्दै जोखिम विश्लेषणका आधारमा पूर्वाधार निर्माण र उत्पादनशील क्षेत्रमा लगानी विस्तार गर्ने, कोषका सेवाहरूलाई डिजिटलाइजेसन र अटोमेसनमार्फत थप सरल, सहज र प्रभावकारी गर्दै लाने एवम् नीतिगत सुधार र पारदर्शी कार्यशैलीमार्फत सहभागी र सेयरधनीहरूको अधिकतम हित संरक्षणमा कोष सधैं कटिबद्ध रहने प्रतिबद्धता व्यक्त गर्दै आएको पनि कार्कीले बताउनुभयो ।

नेपाल बैंकर्स संघका अध्यक्ष सन्तोष कोइरालाले कोषले लगानीका नयाँ उपकरण र नयाँ परियोजनामा लगानी गर्नुपर्ने बताउनुभयो । उहाँले बैंकले प्रवाह गर्ने कर्जा असुलीमा समस्या आएको धारणा राख्नुभयो । अधिक तरलताको कारण बैंक ब्याजदर कम हुदाँ पनि लगानी बढ्न नसकेकोमा चिन्ता व्यक्त गर्दै उहाँले लगानीको वातावरण सिर्जना गर्नुपर्ने आवश्यकता औंल्याउनु भयो । लामो समयदेखि अधिक तरलता रहेको अवस्थामा समेत कर्जा असुली कार्य चुनौतीपूर्ण रहेकोले यसमा सरकार, राष्ट्र बैक र निजी क्षेत्रको ध्यान जानुपर्ने उहाँको भनाइ थियो ।

कोषका पूर्व अध्यक्ष डा.महाश्रम शर्माले आर्थिक, सामाजिक रूपान्तरणमा कोष अघि बढिरहेको बताउनुभयो । उहाँले आफू अध्यक्ष हुँदा पनि कोषलाई सामाजिक रूपान्तरणको क्षेत्रमा अघि लानेतर्फ कार्य गरेको बताउँदै अहिले कोष उक्त दिशमा अघि बढिरहेकोमा खुसी व्यक्त गर्नुभयो । उहाँले कोषको लगानीलाई समय सापेक्ष रूपमा परिमार्जन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

सो अवसरमा नेपाल वित्तीय

....बाँकी पृष्ठ ८ मा

नागरिक पेन्सन योजनामा सहभागी होऔं!
अवकाशपछिको जीवन सुरक्षित बनाऔं !!

यस योजनाका मुख्य विशेषता:
- सबै नेपाली नागरिक सहभागी हुन सक्ने ।
- गैरआवासीय तथा वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकसमेत सहभागी हुन सक्ने ।
- न्यूनतम मासिक पाँच सय रुपैयाँ जम्मा गरेर योजनामा सहभागी हुन सकिने । आफ्नो क्षमतानुसार १० ले भाग जाने जतिसुकै रकम पनि जम्मा गर्न सकिने ।
- जम्मा भएको रकममा आकर्षक ब्याज/प्रतिफल पाइने । यसका अतिरिक्त अन्य सुविधासमेत भएको ।
- साठी वर्ष उमेर पूरा भएपछि मासिक रूपमा नियमानुसार पेन्सन लिन सकिने । पेन्सन लिन नचाहेमा योजनामा सहभागी भएको निश्चित समयपछि एकमुष्ट रकम फिर्ता भुक्तानी लिन सकिने ।

विस्तृत जानकारीका लागि :
कोषको वेबसाइट www.nlk.org.np मा हेर्नु हुन,
टेलिफोन नम्बर ०१-५९७०२०१ मा सम्पर्क गर्नु हुन ।

नागरिक लगानी कोष
केन्द्रीय कार्यालय
नयाँ बानेश्वर, काठमाडौं ।

# नागरिक लगानी कोषको उपदान तथा पेन्सन योजनामा मेरो माइक्रोफाइनान्स आबद्ध

**काठमाडौं (ना.ल.कोष)** । नागरिक लगानी कोषले सञ्चालन गरेको उपदान तथा पेन्सन योजनामा मेरो माइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था आबद्ध भएको छ । सोसम्बन्धी समझदारी पत्रमा कोषका कार्यकारी निर्देशक पर्वत कुमार कार्की र मेरो माइक्रोफाइनान्सका प्रमुख कार्यकारी अधिकृत रामहरि दाहालबीच हस्तान्तरण भएको हो ।

६४ जिल्ला कार्यक्षेत्र रहेको यस लघुवित्तमा करिब पाँच सय कर्मचारी कार्यरत रहेका छन् । कोषको यस योजनामा संगठित संस्था तथा त्यस्ता संस्थाका कर्मचारीहरू सहभागी हुन सक्ने व्यवस्था रहेको छ । यसअन्तर्गत योगदानमा वा गैर योगदानमा आधारित भएर संघ-संस्थाले उपदान कोष व्यवस्थापन गर्न सक्नेछन् । सोही व्यवस्था अनुसार उक्त लघु वित्त वित्तीय संस्था कोषको उपदान योजनामा आबद्ध भएको हो । यसअघि पनि कोषसँग विभिन्न लघुवित्त वित्तीय संस्था लिमिटेड आबद्ध भइसकेका छन् ।



कोषले २०५५ देखि सुरु गरेको उपदान तथा पेन्सन योजनामा विभिन्न संगठित संस्थामा कार्यरत कर्मचारी तथा कामदारको उपदान तथा पेन्सनबापतको रकम संकलन गरी लगानी गर्ने र कर्मचारी निवृत भएपछि भुक्तानी गर्ने गरेको छ ।

यस योजनामा योगदानमा आधारित र गैर योगदनामा आधारित रकम जम्मा गरी सहभागी हुन सकिने व्यवस्था छ ।

# संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न संस्थालाई आर्थिक सहयोग

**काठमाडौं (ना.ल.कोष)** । नागरिक लगानी कोषले ३६ औं वार्षिकोत्सवको अवसरमा संस्थागत सामाजिक उत्तरदायित्व (सीएसआर) अन्तर्गत विभिन्न संघ संस्थालाई आर्थिक सहयोग गरेको छ । प्रत्येक वर्ष वार्षिकोत्सवको अवसरमा कोषले सीएसआरअन्तर्गत आर्थिक सहयोग गर्ने गरेको छ ।

३६ औं वार्षिकोत्सवको अवसरमा कोषले काठमाडौंको शंखरापुर नगरपालिका-४ लप्सीफेदीमा जे.पी. प्रतिष्ठानद्वारा सञ्चालित मैत्री सेवा आश्रम (जेष्ठ नागरिक ग्राम)लाई आर्थिक सहयोग गरेको छ ।

त्यसैगरी विभिन्न जिल्लाका अनाथ, असहाय, बालबालिकाको संरक्षण गर्दै आएको गैरसरकारी गैर-नाफामूलक सामाजिक संस्था नेपाल बाल सेवा फाउण्डेसन, नयाँ बानेश्वर, काठमाडौंलाई पनि आर्थिक सहयोग गरेको छ ।

# कोष कर्मचारीलाई ग्राहक सेवा उत्कृष्टता तालिम

**काठमाडौं (ना.ल.कोष)** । नागरिक लगानी कोषले सेवाग्राहीलाई प्रवाह गर्ने सेवालाई थप प्रभावकारी बनाउन र कर्मचारीहरूको सिप विकास गर्न आफ्ना कर्मचारीहरूलाई ग्राहक सेवा उत्कृष्टता तालिम प्रदान गरेको छ। उक्त तालिम बैकिङ फाइनान्स एन्ड इन्स्योरेन्स इन्स्टिच्यूट अफ नेपाल (बिएफआइएन)ले प्रदान गरेको हो ।

उक्त तालिममा कोषका २४ जना कर्मचारी सहभागी हुनु भएको थियो । यो भन्दाअघि पनि कोषले कर्मचारीलाई अन्य विभिन्न तालिम प्रदान गर्दै आइरहेको थियो ।

# नागरिक लगानी कोष

**कोषको वित्तीय अवस्था (अपरिष्कृत)**

**२०८२ चैत मसान्तसम्म**

**कोषको स्रोत (Sources of Fund)** रु. हजारमा

| विवरण | २०८२।८३ चैत मसान्त | २०८१।८२ चैत मसान्त |
|---|---|---|
| शेयर पुँजी | ६,८०५,७९८ | ६,४८१,७१२ |
| **खुद कोष मौज्दात** | **३०४,५४०,०८९** | **२८०,१५२,४४८** |
| **कुल अवकाश कोष मौज्दात** | **२८७,७१२,११३** | **२५७,३७९,८४६** |
| क.ब.वृ. अवकास कोष | २१०,४०९,९७८ | १८४,१९०,५८७ |
| नागरिक एकाङ्क योजना | २,१३२,९२५ | १,९७६,९३५ |
| उपदान कोष योजना | ५७,७९९,८०२ | ५१,०१५,३०४ |
| लगानीकर्ता हिसाब | ११,५४५,९१५ | ११,००६,८५४ |
| राष्ट्रसेवक कर्मचारीको बीमा कोष | ५,०९५,९२४ | ८,६९९,६३२ |
| नार्क बीमा कोष | १६३,०१९ | १५६,९८३ |
| नागरिक पेन्सन योजना | ५६४,५५० | ३३३,५५१ |
| **बीमाकोष दायित्व** | **४,१४७,७८२** | **३,७५१,५४४** |
| जगेडा कोष | १२,६८०,१९३ | १९,०२१,०५७ |
| केन्द्रीय हिसाब | ३,२०६,५२५ | ३,०७५,५२८ |
| अन्य कोष र योजना | ९,४७३,६६८ | १५,९४५,५२९ |
| **उचित मूल्य कोष** | **७,५१०,७७७** | **९,८४६,५४४** |
| **पुनः मूल्याङ्कन कोष** | **३३२,०६०** | **३३२,०६०** |
| **चालू दायित्व तथा व्यवस्था** | **११,३९९,४१०** | **३,९०८,७२७** |
| **जम्मा :** | **३३०,५८८,१३४** | **३००,७२१,४९१** |

**कोषको उपयोग (Applications of Fund)** रु. हजारमा

| विवरण | २०८२।८३ चैत मसान्त | २०८१।८२ चैत मसान्त |
|---|---|---|
| **खुद स्थिर सम्पत्ति** | **२,२२१,३९८** | **२,२५१,२६३** |
| **लगानी** | **३११,४९६,६९९** | **२७८,४३८,५६२** |
| नेपाल सरकारको ऋणपत्र | १५,७०९,४३६ | ५००,००० |
| मुद्दती निक्षेप | १३४,३५८,८८८ | १५४,३८२,०९६ |
| समयकालीन कर्जा | २६,३१६,७५५ | २५,९१६,३८९ |
| सहायक कम्पनीमा लगानी | २,७२४,६७५ | २,७२८,५०० |
| सहभागी सापटी तथा आवास कर्जा | ६७,०५२,१२० | ५६,७१०,५९१ |
| ट्रेजरी बिल | ३३,३२३,७०२ | ६,८८०,५०० |
| सङ्गठित संस्थाको शेयर/धितोपत्र | ३२,०११,१२४ | ३१,३२०,४८७ |
| **उचित मूल्य समायोजित सम्पत्ति** | **७,५१०,७७७** | **९,८४६,५४४** |
| **बैंक मौज्दात** | **१,६११,३००** | **२,०७०,५१०** |
| **चालू सम्पत्ति** | **७,७४७,९६०** | **८,११४,६१२** |
| **जम्मा** | **३३०,५८८,१३४** | **३००,७२१,४९१** |

माथि उल्लिखित विवरणका अङ्कहरू लेखापरीक्षकको सुझाव अनुसार परिवर्तन हुनसक्नेछ ।

# नागरिक लगानी कोष

**केन्द्रीय हिसाब**

**२०८२ श्रावण १ देखि २०८२ चैत मसान्त सम्मको**

**अपरिष्कृत आय/व्यय हिसाब** रु. हजारमा

| विवरण | २०८२।८३ चैत मसान्त | २०८१।८२ चैत मसान्त |
|---|---|---|
| ब्याज आम्दानी | २५९,८७८ | २४०,१०९ |
| सेवा शुल्क तथा कमिसन आम्दानी | १,३०७,१०६ | १,१९८,६६० |
| विविध आम्दानी | ७३,७९१ | ९०,०६७ |
| **कुल आम्दानी** | **१,६४०,७७६** | **१,५२८,८३६** |
| व्यवस्थापन खर्च | २०७,१२३ | २१८,३०० |
| खर्च व्यवस्था | ११७,८९० | ११०,५०५ |
| **कूल खर्च** | **३२५,०१३** | **३२८,८०५** |
| कर अगाडिको खुद नाफा | १,३१५,७६३ | १,२००,०३१ |
| आय कर व्यवस्था | ३२९,७०४ | ३००,९९८ |
| **खुद नाफा** | **९८६,०५९** | **८९९,०३३** |

**Particulars**

**Financial Ratios & Other Information:**

| Overall | As on Chaitra 2082 | As on Chaitra 2081 |
|---|---|---|
| Return on Investment (ROI) | 4.36% | 5.69% |
| Fund to Investment ratio | 99.73% | 99.39% |
| Weighted average cost of fund | 4.22% | 5.07% |
| Central Account | | |
| Net Worth (Rs. in '000) | 10,012,323 | 9,557,240 |
| Net Worth (Value per share) | 147.11 | 147.45 |
| Earning Per Share (in Rs.) - Annualized | 19.32 | 18.49 |

१. **वित्तीय विवरण**

त्रैमासिक अवधिको वासलात, नाफानोक्सान सम्बन्धी विवरण माथि उल्लेख गरिए बमोजिम रहेको छ ।

२. **व्यवस्थापकीय विश्लेषण**

कोषले दीर्घकालीन प्रकृतिको कोष सङ्कलन गर्ने भएको र सहभागीहरूको मासिक सङ्कलन रकमबाट दैनिक भुक्तानी दिने कार्य गर्ने भएको हुँदा तरलता व्यवस्थापनमा सहजता छ। कोषको मुख्य आम्दानीको रूपमा कोषले सञ्चालन गरेका योजनाहरूबाट प्राप्त सेवा शुल्क, ब्याज आम्दानी तथा नगद लाभांश रहेको छ। कोषले बन्दमुखी सामूहिक कोष योजना सञ्चालन गर्ने प्रक्रिया अगाडि बढाएको छ। लगानी विविधीकरणलाई कोषले प्राथमिकतामा राखेको छ ।

३. **कानूनी कारबाही सम्बन्धी विवरण**

(क) नागरिक लगानीकोषले सञ्चालन गरेको उपदान कोष तथा लगानीकर्ता हिसाब योजनाको रकमबाट सम्बन्धित संस्थाका अवकास प्राप्त कर्मचारीहरूलाई योगदानमा आधारित नभएको अवकास रकम भुक्तानी गर्दा आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा (१) बमोजिम १५ प्रतिशतका दरले आयकर बापत कट्टा गरी भुक्तानी दिँदै आएकोमा उपदान तथा लगानीकर्ता हिसाब योजना बापत ५ प्रतिशत मात्र कर कट्टि गर्नुपर्ने सम्बन्धमा कोष समेतलाई प्रतिवादी बनाई रिट दायर हुने गरेको र सो सम्बन्धमा सम्मानित सर्वोच्च अदालत एवं उच्च अदालत बाट विभिन्न आदेश आइरहेको अवस्था विद्यमान छ ।

(ख) कोषले उपदान कोषको रकममा ५ प्रतिशत मात्र कर कट्टा गरेको मिलेन भनी ठूला करदाता कार्यालयबाट आ.व. २०७४।०७५ को संशोधित कर निर्धारण गर्दा कोषलाई जरिवाना गरेको र सो उपर कोषले आन्तरिक राजस्व विभाग, लाजिम्पाटमा प्रशासकीय पुनरावलोकन गरेकोमा विभागबाट समेत ठूला करदाता कार्यालयको निर्णयलाई सदर गरेको हुँदा मिति २०८२ असोज ०२ गते राजस्व न्याधिकरण काठमाडौँमा पुनरावेदन गरिएको छ ।

४. **सङ्गठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण**

(क) कोषको शेयर नेपाल स्टक एक्स्चेन्ज लि.को दोस्रो बजारमा खुला शेयर बजार अन्तर्गत कारोबार भइरहेको छ। यस विषयमा कोष व्यवस्थापनको धारणा तटस्थ रहेको छ ।

(ख) त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार सङ्ख्याः

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार भएको कुल दिन | कारोबार शेयर सङ्ख्या |
|---|---|---|---|---|
| १,९००.१३ | १,७३५.१० | १,७७६ | ५३ | ५,६०,९२६ |

५. **समस्या तथा चुनौती**

कोषले प्रयोगमा ल्याइरहेको सफ्टवेयरलाई सबै कारोबार र अन्य निकायहरूले प्रयोगमा ल्याइरहेको सफ्टवेयरसँग एकीकरण हुनेगरी मिल्दो बनाउने, पुरानो हिसाबमिलान कार्य सम्पन्न गर्ने, सहभागीहरूलाई दिइने प्रतिफल दरलाई आकर्षक बनाई राख्ने आन्तरिक चुनौती तथा समस्याहरू कोषसँग रहेका छन् । त्यसैगरी पुँजीबजार तर्फको कारोबारमा प्रतिष्पर्धा, नेपाल वायु सेवा निगमलाई प्रवाह भएको कर्जा नियमित रूपमा असुली नभएको, कोषमा आबद्ध संस्था र सहभागीहरूलाई सामाजिक सुरक्षा कोषमा जानुपर्ने अवस्था सिर्जना गरिनु तथा योगदानमा आधारित पेन्सन कार्यक्रम अन्य संस्थाबाट सञ्चालन गर्ने व्यवस्थाले कोषको कारोबारमा परेको असर जस्ता बाह्य चुनौतीहरू रहेका छन् । यसै गरी बजारमा अधिक तरलता रहेको कारणबाट मुद्दती निक्षेपको ब्याजदरमा आएको अत्यधिक गिरावटले कोषले सञ्चालन गरेका कार्यक्रम/योजनाको वित्तीय अवस्थामा पर्न गएको असर चुनौतीपूर्ण रहेको छ। यी चुनौतीहरू समाधानका लागि कोषले आफ्नो प्रयोगमा रहेको सफ्टवेयरलाई नियमित रूपमा अद्यावधिक गरी सबै कार्यक्रममा लागू गर्ने, कोषका सेवाहरूलाई डिजिटलाइज गर्ने, बैंक रिकन्सिलियसन कार्यलाई चुस्त दुरुस्त बनाउने, सहभागीहरूलाई आर्कषक प्रतिफल दिने गरी सुरक्षित रूपमा लगानी विविधीकरण गर्ने लगायतका रणनीति कोषले लिएको छ ।

६ **संस्थागत सुशासन**

कोषको शीर्ष निकायका रूपमा रहेको सञ्चालक समिति शेयरधनीहरू प्रति उत्तरदायी हुने तथा संस्थागत सुशासन कायम गर्ने जिम्मेवारीमा रहेको छ । कोषले सञ्चालन गर्ने योजना/कार्यक्रमहरूको सञ्चालन, अनुगमन तथा वित्तीय विवरण प्रमाणीकरण गर्न सञ्चालकको संयोजकत्वमा ट्रस्टी उपसमितिहरू गठन गरिएको छ । सहभागीहरू प्रति ट्रस्टी उत्तरदायी रहने गरेको छ । आर्थिक अनुशासन र आन्तरिक नियन्त्रण प्रणाली कायम गर्न सञ्चालकको संयोजकत्वमा लेखा परीक्षण समिति रहेको छ। सञ्चालकको संयोजकत्वमा सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी अनुगमन उपसमिति गठन गरिएको छ। यस सम्बन्धमा सम्पादित कार्यहरूको प्रतिवेदन आवधिक रूपमा समिति समक्ष पेश गर्ने गरिएको छ। कोषका कार्यकारी निर्देशकको संयोजकत्वमा लगानी उपसमिति र कर्जा उपसमिति गठन गरिएको छ। लगानी नीतिको सीमाभित्र रही तोकिएको विधि प्रक्रिया र मापदण्डको अधीनमा रही लगानी गर्ने गरिएको छ। सहभागीहरूलाई कर्जा प्रदान गर्दा कर्जा कार्यविधिको अधीनमा रही गर्ने गरिएको छ ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण**

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लिखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लिखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरूलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरू लुकाइएको छैन ।

# कोष र कानुन आयोगबीच घर बहाल सम्झौता

**काठमाडौं (ना.ल.कोष) ।** नागरिक लगानी कोष र नेपाल कानुन आयोगबीच घर बहालमा दिने सम्झौता भएको छ । सो सम्झौतामा कोषका कार्यकारी निर्देशक पर्वत कुमार कार्की र आयोगका सचिव इन्दिरा दहाल (भट्टराई) ले हस्ताक्षर गर्नु भएको हो । सम्झौतासँगै कोषले आयोगलाई घर बहालमा दिएको हो । यो भन्दा अघि पनि कोषले अन्य विभिन्न संस्थालाई बहालमा दिएको थियो ।

# कोषमा सीसीटीभी जडान

**काठमाडौं (ना.ल.कोष) ।** नागरिक लगानी कोषले केन्द्रीय कार्यालयमा पूर्ण रुपमा सीसीटीभी जडान कार्य सम्पन्न गरेको छ । कोषले सबैलाई सुरक्षाको प्रत्याभूति दिलाउन सीसीटीभी जडान गरेको हो ।

आंशिक रुपमा मात्रै रहेको सीसीटीभी पूर्ण रुपमा सञ्चालनमा आएसँगै कोषको गतिविधि निगरानीमा सहजता थपिएको छ ।

# नागरिक लगानी कोष र काठमाडौं विश्वविद्यालयबीच उपदान कोष सञ्चालन सम्झौता



**काठमाडौं (ना.ल.कोष)** । नागरिक लगानी कोष र काठमाडौं विश्वविद्यालयबीच उपदान कोष व्यवस्था एवम् सञ्चालनसम्बन्धी सम्झौता भएको छ। विश्वविद्यालयका उपकुलपति प्रा.डा.अच्युतप्रसाद वाग्लेसमेतको उपस्थितिमा भएको उक्त सम्झौतामा कोषको तर्फबाट कार्यकारी निर्देशक पर्वत कुमार कार्की र विश्वविद्यालयका तर्फबाट प्रा.डा.राजीव श्रेष्ठले हस्ताक्षर गर्नुभएको हो ।

सम्झौता पश्चात विश्वविद्यालयबाट वार्षिक रूपमा कोष कट्टा गरी प्राप्त भएका रकम सम्बन्धित शिक्षक तथा कर्मचारीको खातामा कोषले अद्यावधिक गर्नेछ । कोष ऐनअनुसार कोषमा योगदान गरेको रकमबाट आर्जन गरेको ब्याज तथा प्रतिफल शिक्षक तथा कर्मचारीको कोषमा रहेको खातामा जम्मा गर्नेलगायतका अतिरिक्त सुविधा कोषले उपलब्ध गराउनेछ।

विश्वविद्यालयका स्थायी शिक्षक तथा कर्मचारीहरूलाई कोषको नियमानुसार पाउने वा प्रदान गर्ने ऋण सापटी पनि कोषले प्रदान गर्नेछ । त्यसैगरी विद्यालयको सिफारिसमा सेवानिवृत शिक्षक, कर्मचारीलाई उपदान रकम कोषले भुक्तानी गर्ने सम्झौतामा उल्लेख छ ।

## कोषको जनकपुर शाखा सञ्चालनमा

**काठमाडौं (ना.ल.कोष)** । नागरिक लगानी कोषले मधेश प्रदेशमा शाखा विस्तार गरेको छ । चालु आर्थिक वर्षको माघ १३ देखि यो शाखा सञ्चालनमा आएको हो ।

जनकपुर उपमहानगरपालिका-४ कदमचोकमा रहेको उक्त शाखा सञ्चालनमा आएसँगै कोषको सबै प्रदेशमा कोषको सेवा विस्तार भएको छ । यो शाखाबाट सेवाग्राहीले कोषले प्रदान गर्ने सबै सेवा पाउनुहुनेछ ।




## कोष र सिम्बुवा हाइड्रोबीच घर बहाल सम्झौता

**काठमाडौं (ना.ल.कोष)** । नागरिक लगानी कोष र सिम्बुवा रेमिट हाइड्रो लिमिटेडबीच घर बहालमा दिने सम्झौता भएको छ । सो सम्झौतामा कोषको मानव संशाधन तथा सूचना प्रविधि विभाग प्रमुख शोभा श्रेष्ठ सुवेदी र हाइड्रोको तर्फबाट प्रमुख कार्यकारी अधिकृत दिनेश त्रिपाठीले हस्ताक्षर गर्नु भएको हो । यो भन्दा अघि पनि कोषले अन्य विभिन्न कम्पनीलाई घर बहालमा दिएको थियो ।

# पोखरामा शाखा प्रमुख सम्मेलन

**काठमाडौं (ना.ल.कोष)** । नागरिक लगानी कोषले पोखरामा शाखा प्रमुखहरूको सम्मेलन सम्पन्न गरेको छ। सम्मेलनमा कोष सञ्चालक समितिका अध्यक्ष तुलसी प्रसाद घिमिरे र कार्यकारी निर्देशक पर्वत कुमार कार्कीले कोषले पु¥याएको सेवाहरूको बारेमा जानकारी दिनुभएको थियो ।

उहाँहरूले नागरिक लगानी कोषले विभिन्न प्रकारका अवकाश कोष व्यवस्थापन र सामाजिक सुरक्षाका योजनाहरूको बारेमा जानकारी गराउनु भएको थियो ।

सो अवसरमा कोषले सञ्चालन गरिरहेका योजनाहरू कर्मचारी बचत वृद्धि अवकाश कोष, उपदान तथा पेन्सन योजना, लगानीकर्ता अवकाश कोष योजना, राष्ट्रसेवक कर्मचारीको जीवन बीमा कोष, नागरिक एकांक योजना, नागरिक पेन्सन योजना र नेपाल कृषि अनुसन्धान परिषद् बीमा कोषको बारेमा जानकारी दिइएको थियो ।

कोषले सञ्चालन गरेको कर्मचारी बचत वृद्धि अवकाश कोष योजना कोषको सबैभन्दा ठुलो योजना हो । यसमा निजामती कर्मचारी, शिक्षक, सेना, प्रहरी र अन्य संगठित संस्थाका कर्मचारीहरू सहभागी रहेका छन् । यस योजनाका सहभागीहरूले बचतमा पाउने ब्याजका अतिरिक्त प्रतिफलसमेत पाउँछन् भने कोषले प्रदान गर्ने विभिन्न सापटी तथा कर्जा सुविधाहरू उपभोग गर्न सक्दछन् ।

उपदान तथा पेन्सन योजनामा संगठित संस्था तथा त्यस्ता संस्थाका कर्मचारीहरू सहभागी हुन सक्छन् । यस योजनाका सहभागीहरूले जम्मा गरेको रकम, सोबाट आर्जित ब्याज तथा प्रतिफल एकमुष्ठ वा पेन्सनको रूपमा अवकाशपश्चात् लिन सक्दछन् । यस योजनामा योगदनामा तथा गैरयोगदानका रूपमा रकम जम्मा गर्न सकिन्छ । योगदानमा आधारित हुन संगठित संस्थामा कार्यरत कर्मचारीहरूको तलबबाट केही रकम कट्टा गरी सो रकममा संस्थाले थप गर्नुपर्ने व्यवस्था रहेको छ भने गैरयोगदानमा आधारित भन्नाले संगठित संस्थाले मात्रै उपादन तथा पेन्सनबापतको रकम जम्मा गर्ने व्यवस्थालाई जनाउँछ । यस योजनाका सहभागीले सेवाकालमा कोषले प्रदान गर्ने विभिन्न सापटी तथा कर्जा सुविधाहरू समेत उपभोग गर्न सक्दछन् ।

लगानीकर्ता अवकास योजनामा संगठित संस्था तथा त्यस्ता संस्थाका कर्मचारी सहभागी हुन सक्नेछन् । कर्मचारीको औषधोपचार खर्च, कल्याणकारी कोष, बीमा कोष, हित कोष, वार्षिकोत्सवबापतको कोष, सञ्चित बिदालगायतका दायित्व व्यवस्थापनका लागि यस योजनामा सहभागी हुन सकिन्छ । यस योजनाका सहभागीहरूले बचतमा पाउने ब्याजका अतिरिक्त प्रतिफलसमेत पाउँछन् भने कोषले प्रदान गर्ने विभिन्न सापटी तथा कर्जा सुविधाहरू समेत उपभोग गर्न सक्दछन् ।

नागरिक एकांक योजनाअन्तर्गत साना तथा मध्यमस्तरका लगानीकर्ताहरूबाट रकम सकलन गर्ने र सो पुँजीलाई दक्ष र व्यावसायिक ढंगबाट लगानी प्रवर्धन गरी सहभागीहरूलाई निश्चित प्रतिफल प्रदान गर्ने गरिन्छ ।

नागरिक पेन्सन योजनामा सबै नेपाली नागरिक सहभागी हुन सक्नेछन् । यसमा गैरआवासीय तथा वैदेशिक रोजगारीमा रहेका नेपाली नागरिकसमेत सहभागी हुन सक्ने व्यवस्था कोषले गरेको छ । न्यूनतम मासिक पाँच सय रुपैयाँ जम्मा गरेर योजनामा सहभागी हुन सकिने तथा आफ्नो क्षमतानुसार १० ले भाग जाने जतिसुकै रकम पनि जम्मा गर्न सकिने व्यवस्था यस योजनामा रहेको छ । जम्मा भएको रकममा आकर्षक ब्याज/प्रतिफल प्राप्त हुन्छ । सहभागीको उमेर ६० वर्ष पूरा भएपछि मासिक रूपमा नियमानुसार पेन्सन लिन सकिने र पेन्सन लिन नचाहेमा योजनामा सहभागी भएको निश्चित समयपछि एकमुष्ठ रकम फिर्ता भुक्तानी लिन सकिने व्यवस्था रहेको छ ।

राष्ट्रसेवक कर्मचारीको सावधिक जीवन बीमा कोषअन्तर्गत संघीय निजामती, प्रदेश निजामती सेवा, नेपाली सेना, नेपाल प्रहरी, शसस्त्र प्रहरी बल नेपाल, राष्ट्रिय अनुसन्धान विभाग, सामुदायिक विद्यालयका शिक्षकलगायत सम्पूर्ण सरकारी सेवाका पदमा रहेका कर्मचारीहरूको बीमाबापत नेपाल सरकारबाट स्वीकृत कार्यविधिअनुसार प्रिमियम रकम संकलन गरी बीमा पोलिसीका लागि सो रकम राष्ट्रिय जीवन बीमा कम्पनीमा पठाउने गरिएको छ ।

यसका अतिरिक्त कोषले नेपाल कृषि अनुसन्धान परिषद्का कर्मचारीहरूको बीमा कोषसमेत सञ्चालन गरिरहेको छ । कोषका कार्यक्रम तथा योजनाहरूका माध्यमबाट कोषले सहभागीहरूलाई आफ्नो अवकाश पश्चातको जीवनलाई आर्थिक रूपमा सुरक्षित बनाउने अवसर प्रदान गर्नुका साथै सहभागीहरूलाई कोषले विभिन्न किसिमका सामाजिक सुरक्षाका सुविधाहरूसमेत प्रदान गर्ने गरेको छ ।

**नागरिक लगानी कोषका कार्यक्रममा सहभागी होऔं !**
**अवकासपछिको जीवन सुरक्षित बनाऔं !!**

**कोषका अवकास योजना/कार्यक्रमहरू :**

- कर्मचारी बचत वृद्धि अवकास कोष
- उपदान तथा पेन्सन योजना
- लगानीकर्ता अवकास कोष योजना
- राष्ट्रसेवक कर्मचारीको जीवन बीमा कोष
- नागरिक एकांक योजना
- नागरिक पेन्सन योजना
- नेपाल कृषि अनुसन्धान परिषद् बीमा कोष

**विस्तृत जानकारीका लागि :**
कोषको वेबसाइट www.nlk.org.np मा हेर्नु हुन,
टेलिफोन नम्बर ०१ - ५९७०२०१ मा सम्पर्क गर्नु हुन ।

**नागरिक लगानी कोष**
केन्द्रीय कार्यालय
नयाँ बानेश्वर, काठमाडौं ।

# कोषद्वारा कम्प्युटर प्रदान




**काठमाडौं (ना.ल. कोष)।** नागरिक लगानी कोषले प्रहरी वृत नयाँ बानेश्वरलाई एक थान कम्प्युटर र एकथान स्क्यानर प्रदान गरेको छ । जेनजी आन्दोलनमा वृतको सामान जलेपछि दैनिक कार्य सञ्चालनमा सहयोग पुऱ्याउने उद्देश्यले कोषले कम्प्युटर र स्क्यानर प्रदान गरेको हो ।

कम्प्युटर हस्तान्तरण कार्यक्रममा कोषको मानव संसाधन तथा सूचना प्रविधि विभागका प्रमुख र प्रहरी वृतका प्रहरी नायव निरीक्षको उपस्थिति रहेको थियो ।

## कार्य सम्पादन मूल्याङ्कनबाट कोष कर्मचारीको पदोन्नति

**काठमाडौं (ना.ल.कोष)।** नागरिक लगानी कोषले कार्य क्षमता मूल्याङ् कनबाट कर्मचारीहरूको पदोन्नति गरेको छ। पदोन्नति हुने कर्मचारीहरूमा तह आठ (उप व्यवस्थापक) बाट तह नवौं (नायव व्यवस्थापक)मा यमकुमार श्रेष्ठ र जनकराज कँडेल, तह सात (अधिकृत) बाट तह आठ (उपव्यवस्थापक) मा संगीता शर्मा, तह ६ (सहायक अधिकृत) बाट तह ७ (अधिकृत) मा शिवप्रसाद उपाध्याय र वरिष्ठ सहायक (तह पाँच) बाट तह ६ (सहायक अधिकृत) मा उमा गैरापिप्ली पदोन्नति हुनु भएको छ।

योसँगै सहायक तह (चौथो) बाट वरिष्ठ सहायक (पाँचौं तह) मा क्रमशः जय किशोर यादव र सुशिला पौडेल तथा वरिष्ठ कम्प्युटर अपरेटर (पाँचौ तह) मा पवित्रा कुमारी पौडेल पदोन्नति हुनु भएको छ।

**सुरक्षित भविष्यका लागि नागरिक लगानी कोषको 'कर्मचारी बचत वृद्धि अवकास कोष'मा सहभागी होऔं।**

**यस कार्यक्रमका विशेषता :**

- कार्यक्रममा निजामती कर्मचारी वा सरकारी/अर्धसरकारी वा प्रचलित कानुन बमोजिम स्थापित गैरसरकारी संगठित संस्थामा कार्यरत कर्मचारीहरु सहभागी हुन सक्ने।
- कोषका सहभागीहरुलाई बचत गर्न सुरु गरेको एकआर्थिक वर्ष ( ३६५ दिन) पछि बचत रकमको ९० प्रतिशतसम्म सापटी सुविधा।
- सहभागीहरुलाई निजी आवासीय घर निर्माण, घर खरिद, फ्ल्याट खरिदका लागि घरजग्गा धितोमा एक करोड रुपैयाँसम्मको आवास कर्जा तथा जग्गा खरिदका लागि पचहत्तर लाख रुपैयाँसम्मको कर्जा सुविधा।
- श्रीमान्/श्रीमती दुवै कोषमा सहभागी भएमा एक करोड पचास लाख रुपैयाँसम्मको आवास कर्जा सुविधा।
- सहभागीहरुलाई घर मर्मत/पुनर्संरचना/पुनर्तालिकीकरण र घर सजावटका लागि धितोमा अधिकतम पच्चीस लाख रुपैयाँसम्मको कर्जा सुविधा।
- सहभागीहरुलाई आर्थिक, सामाजिक, सांस्कृतिक र पारिवारिक प्रकृतिका भइपरी आउने कार्यका लागि घरजग्गा धितोमा पचास लाख रुपैयाँसम्मको सरल कर्जा सुविधा।
- सहभागीहरूको जम्मा बचत रकममा ब्याज र थप प्रतिफल पाइने।
- सहभागी बचतकर्ताको दुर्घटना भई मृत्यु भएमा दुई लाख रुपैयाँसम्मको विपद् सहुलियतको व्यवस्था।
- आयकर नियमावली, २०५९ (पन्ध्रौं संशोधन) अनुसार वार्षिक पाँच लाख रुपैयाँ वा निर्धारणयोग्य आयको एक तिहाइमा जुन घटी हुन्छ, सो रकमसम्म कर छुट।

**विस्तृत जानकारीका लागि:**
कोषको वेबसाइट www.nlk.org.np मा हेर्नु हुन,
टेलिफोन नम्बर ०१ - ५९७०२०१ मा सम्पर्क गर्नु हुन ।

**नागरिक लगानी कोष**
केन्द्रीय कार्यालय
नयाँ बानेश्वर, काठमाडौं ।

# नागरिक लगानी कोष र सार्वजनिक सेवा प्रसारण नेपालबीच सहकार्य

**काठमाडौं (ना.ल.कोष) ।** नागरिक लगानी कोष र सार्वजनिक सेवा प्रसारण नेपालबीच सहकार्य गर्ने सम्बन्धी सम्झौता भएको छ । नेपाल सरकारको सार्वजनिक निकायबाट सार्वजनिक खरिद लगातयका सूचनाहरू सञ्चार माध्यममार्फत प्रकाशन तथा प्रसारण गर्दा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह एवम् सो अन्तर्गतका निकायहरू तथा सार्वजनिक कोष प्रयोग गरी कार्य गर्ने सबै सार्वजनिक निकायहरूले आफ्ना सूचना सरकारी स्वामित्वमा रहेका सञ्चार माध्यममा प्रकाशन तथा प्रसारणको व्यवस्था गर्ने निर्णयअनुसार कोषले सार्वजनिक सेवा प्रसारण (नेपाल टेलिभिजन) र रेडियो नेपालसँग सहकार्य गर्ने सम्झौता गरेको हो ।

सो सम्झौतामा कोषका निर्देशक हेमन्त पोखरेल र सार्वजनिक सेवा प्रसारणका निमित्त प्रमुख प्रशाशकीय अधिकृत राज कुमार थापाले हस्ताक्षर गर्नु भएको हो । उक्त सम्झौतासँगै नेपाल टेलिभिजन र रेडियो नेपालबाट प्रसारण भएको गतिविधिले कोषको व्यावसायिक प्रवर्धनमा सहयोग पुऱ्याएको कोषले महसुस गरेको छ ।




## सरकारले ल्याउने...

संस्था कर्मचारी संघका अध्यक्ष अच्युतम पौडेलले कर्मचारीको वृति विकास र सेवा सुविधामा वृद्धि गर्नुपर्ने धारणा राख्नुभयो भने नागरिक लगानी कोष कर्मचारी युनियनका अध्यक्ष नेत्रविक्रम थापाले अब आउने बजेटमा कर सहुलियतको व्यवस्था गर्नुपर्ने, करार कर्मचारीलाई सीमित प्रतियोगिताको अवसर दिनुपर्ने भनाई राख्नुभयो । कार्यक्रममा उत्कृष्ट कर्मचारी र जेनजी आन्दोलनमा कोषमा कार्यरत सुरक्षाकर्मीहरूलाई सम्मान गरिएको थियो ।

## नागरिक लगानी कोष

### सहभागीहरूलाई कोषले प्रदान गर्ने धितोमा आधारित कर्जासम्बन्धी जानकारी

| विवरण / शीर्षक | आवास कर्जा (घर खरिद/घर निर्माण) | जग्गा खरिद कर्जा | घर मर्मत /फिनिसिङ | सरल कर्जा (सामाजिक कार्यका लागि) | सवारी कर्जा |
|---|---|---|---|---|---|
| **योग्य हुने समय सीमा** | २ वर्ष नियमित कोष कट्टी भएको । | २ वर्ष नियमित कोष कट्टी भएको । | २ वर्ष नियमित कोष कट्टी भएको । | २ वर्ष नियमित कोष कट्टी भएको । | २ वर्ष नियमित कोष कट्टी भएको । |
| **कर्जा रकमको सीमा** | सुरु तलबमानको २० वर्षबराबरको तलब वा रु.१ करोड (पति/पत्नी दुवै जना कोषको सहभागी भएमा रु.१ करोड ५० लाख) मध्ये जुन कम हुन्छ । | सुरु तलबमानको २० वर्ष बराबरको तलब वा रु. ७५ लाखमध्ये जुन कम हुन्छ । | अधिकतम रु. २५ लाख सम्म । | न्यूनतम रु. ५ लाख, अधिकतम रु. ५० लाखसम्म । | सुरु तलवमानको १० बर्षको रकम वा अधिकतम रु. ५० लाखसम्म । |
| **धितो सूरक्षण (धितो मूल्यांकन कर्जा कार्यविधिअनुरुप हुने)** | घर जग्गा | घर जग्गा | घर जग्गा | घर जग्गा | सवारीसाधन/थप धितो |
| **कर्जाको अवधि** | २० वर्ष वा बाँकी सेवा अवधिमध्ये जुन कम हुन्छ । | २० वर्ष वा बाँकी सेवा अवधिमध्ये जुन कम हुन्छ । | २० वर्ष वा बाँकी सेवा अवधिमध्ये जुन कम हुन्छ । | ५ वर्ष वा बाँकी सेवा अवधिमध्ये जुन कम हुन्छ । सेवा अवधिभित्र नवीकरण गर्न सकिने । | ७ बर्ष वा बाँकी सेवा अवधिमध्ये जुन कम हुन्छ । |
| **किस्ता भुक्तानीसम्बन्धी व्यवस्था** | आपसी सहमतिमा मासिक, त्रैमासिक वा अर्धवार्षिक किस्ता । | आपसी सहमतिमा मासिक, त्रैमासिक वा अर्धवार्षिक किस्ता । | आपसी सहमतिमा मासिक, त्रैमासिक वा अर्धवार्षिक किस्ता । | आपसी सहमतिमा मासिक, त्रैमासिक वा अर्धवार्षिक किस्ता । | मासिक किस्ताबन्दी । |
| **ब्याजदर** * | ७ प्रतिशत | ७ प्रतिशत | ७ प्रतिशत | ७.२५ प्रतिशत | ७.२५ प्रतिशत |
| **छुटसम्बन्धी व्यवस्था** | **आर्थिक वर्षमा पाकेको सम्पूर्ण ब्याज पुस मसान्त र असार मसान्तमा नियमित ब्याज भुक्तानी गरेमा ब्याज रकमको ०.५ प्रतिशत छुट प्रदान गरिनेछ ।** | | | | |

*समय समयमा पुनरावलोकन हुन सक्नेछ ।

थप जानकारीका लागि :

**नागरिक लगानी कोष**

केन्द्रीय कार्यालय नयाँ बानेश्वर, काठमाडौं । सम्पर्क नं ०१-५९७०२०१

**शाखा कार्यालयहरूः**

विराटनगर : ०२१-४७४९९६, जनकपुर : ०४१-५९१२३६/३७, पोखरा : ०६१-५४३२३४,
बुटवल : ०७१-५३४५२१, सुर्खेत : ०८३-५९०३४९४, धनगढी : ०९१-५९०३२५

नागरिक लगानी कोषको अनुसन्धान तथा बजार विकास महाशाखाद्वारा प्रकाशित । प्रमुख संरक्षक : पर्वत कुमार कार्की, संरक्षक : शोभा श्रेष्ठ सुवेदी, हेमन्त पोखरेल, छबिरमण अधिकारी, नवराज खड्का, सल्लाहकार : रोशन जंग कार्की, अमृत बहादुर अधिकारी, हिरामणी खतिवडा, सम्पादक : **उद्धव सिलवाल**

डिजाइन/मुद्रणः रोल्वालिङ अफसेट प्रेश, बानेश्वर